# नेपालमा खाद्यान्नको गुणस्तरीयता र सुरक्षा सम्बन्धि बारम्बार उठीरहेका प्रश्नहरु

जेष्ठ ७, २०७२

हामीलाई थाहा छ, हामीले नेपालमा सञ्चालन गरेको आपतकालिन कार्यका बारेमा तपाई संग अवश्य केहि प्रश्नहरु रहेका छन् । तत्काल सामाजिक मिडियामा उठेका केही प्रश्नहरुको जवाफ यसप्रकार छन ।

प्रश्न : मैले नेपालको खाद्यान्न गुणस्तरीयता सम्बन्धि केही टवीटसहरु टवीटरमा (Twitter ) देखेको थिए । के भैरहेको छ ?

उः विश्व खाद्य कार्यक्रमले नेपालका भूकम्प प्रभावितहरुका लागि वितरण गरेको सम्पूर्ण खाद्यान्नहरु खान योग्य र खपतका निम्ति सुरक्षित छन । खाद्यान्न प्रयोग गर्न अयोग्य भएका दुईटा घटना हुन र दुबै घटनामा वितरण अगावै समस्याको पहिचान भएको थियो ।

प्रश्न : काभ्रेमा के भएको थियो ?

उः मे महिनामा काभ्रे जिल्लामा विश्व खाद्य कार्यक्रमको चामल खान योग्य नभएको भन्ने केही झुट्टा अफवाहहरु आए । हामीले त्यस्तो अफवाह सुन्नासाथै सक्दो चाडो त्यसको अनुसन्धान सुरु गरि त्यसअन्तर्गत चामलको परीक्षण पनि गर्यौं । प्रयोगशाला परीक्षण पश्चात चामल सुरक्षित र खान योग्य रहेको तर हाम्रो गुणस्तर मानक भन्दा अलि उच्च प्रतिशत टुक्रिएका चामल देखियो । तपाई परीक्षण नतीजा यहाँ हेर्न सक्नुहुन्छ र प्रश्न उठाइएको चामलको फोटो यहाँ हेर्न सक्नुहुन्छ । टुक्रिएका चामलका टुक्रा भन्नाले, यो केवल प्रशोधनको क्रममा टुक्रिएका हुन् र खान योग्यनै हुन्छ । तथापि, धेरै मानिसको व्यक्तिगत प्राथमिकतामा नटुक्रिएको चामल हुने कुरा हामीले बुझी सो चामल साटी त्यस स्थानीय आपुर्तीकर्ता संगको सम्झौता समेत भंग गरिसकेका छौ ।

प्रश्न : लाप्राकमा के भएको थियो ?

उः लाप्राकमा हामीले खराब भनिएको चामल सम्बन्धि दुईटा छुट्टा छुट्टै घटनाको अनुसन्धान गरेका थियौ । पहिलो घटनाको सम्बन्धमा त्यो चामल विश्व खाद्य कार्यक्रमको रहेनछ ( हामीले चामल सेतो बोरामा बाडेका थियौ तर बिग्रिएको चामल पहेलो बोरामा थियो ) । दोस्रो घटनामा असाढ १ गते लाप्राकको लागि ढुवानी गरिएको सेतो बोराको एक चौथाई चामल खराब भएको देखियो । हाम्रो साझेदार, नेपाल रेडक्रस सोसाईटीले ( जो संग हामी नेपालमा नजिक रहेर काम गर्छौं र जसले हाम्रो धेरै खाद्यान्न वितरण गर्ने गरेका छन् ) वितरण अगावै नै समस्याको पहिचान गरि १२० बोरा हामीले साट्नका लागि अलग्गै राखेका थिए । बिग्रिएको कुनैपनि चामल बाडिएको छैन र त्यो साटिएको छ । १२० बोरा चामल रहेका र प्रति बोरा तौल ५० के.जी रहेको यस घटनामा कुल ६ मे.ट. हुन आउछ । यसलाई परिप्रेक्ष्यमा राख्दा बैशाख १२ को भुकम्प पश्चात विश्व खाद्य कार्यक्रमले भुकम्प प्रभावितहरुका लागि ५४०० मे.ट. खाद्यान्न वितरण गरिसकेको छ ।

प्रश्न : नेपालगञ्जमा के भएको थियो ?

उः नेपालगञ्जमा, विश्व खाद्य कार्यक्रमले प्राप्त गरेको पहेलो केराउ विश्व खाद्य कार्यक्रमको गुणस्तर अनुरुप नभएको पाइयो । यस समस्याको पहिचान हुनासाथ, सो सम्झौता रद्द गरि कुनैपनि खाद्यान्न वितरण गरिएको छैन । त्यसको सट्टामा बिग्रिएको खाद्यान्न फिर्ता पठाएर अर्को आपूर्तिकर्ता बाट थप दाल मगाईएको छ ।

प्रश्न : तपाई आफुले बाडेको खाद्यान्न राम्रो र खान योग्य छ भनेर कसरी सुनिश्चित गर्नुहुन्छ ?

उः विश्व खाद्य कार्यक्रमले खाद्यान्नमा गुणस्तरीयता र सुरक्षालाई अत्यन्तै गम्भीर रुपमा लिने गर्दछ र हाम्रो कडा खाद्यान्न गुणस्तरीयता र गुणवत्ता मानक नेपाल सरकारको नीति अनुरुप नै अवलम्वन गरिन्छ । अन्तराष्ट्रिय मान्यता अनुरुप सुरक्षित र गुणस्तरीय खाद्यान्न खरीद र वितरण गर्ने हाम्रो अथक प्रयास अनुरुप, खाद्य सुरक्षा सम्बन्धि कार्यमा विश्व खाद्य कार्यक्रम र सरकारबीच निरन्तर कार्य सम्बन्ध सुनिश्चित गर्न, विश्व खाद्य कार्यक्रमको खाद्य प्राविधिक काठमाण्डौमा कार्यरत रहेका थिए ।

हाम्रा प्रत्येक आपुर्तीकर्ता सम्बन्धन प्राप्त नै हुन, हामीले खरीद गरेको खाद्यान्नको नमुना सुरक्षा र गुणस्तरका लागि परीक्षण गरिन्छन । हामीले नेपालका बीस लाख भुकम्प प्रभावितहरुलाई सुरक्षित र पोषणयुत्त खाद्यान्न उपलब्ध गराएका छौ, र हामी १२ बैशाषको विनाशकारी भुकम्प पछि नेपालको पुननिर्माणमा जनता र सरकारसंगै मिलेर निरन्तर कार्य सञ्चालन गर्नेछौ ।